# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, भदौ ८ गते, २०७७ साल (अतिरिक्ताङ्क १०

# भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०४।२२ को निर्णयानुसार "प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७

<u>**प्रस्तावनाः**</u> प्रदेश र स्थानीय तहका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नप्रदेश प्रशिक्षण प्रतिष्ठानको गठन, सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने भएकोले,

प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस आदेशको नाम "प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "**प्रतिष्ठान**" भन्नाले दफा ३ बमोजिमको प्रदेश प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(ख) "**परिषद्**" भन्नाले दफा ६ बमोजिमको प्रशिक्षण परिषद् सम्झनुपर्छ।

(ग) "**समिति**" भन्नाले दफा ९ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ।

(घ) "**कार्यकारी निर्देशक**" भन्नाले दफा १२ को उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ङ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस आदेश अन्तर्गत बनेको विनियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "**संगठित संस्था**" भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, परिषद् वा संघीय कानून वा

प्रदेश कानून बमोजिम स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्रतिष्ठान, निगम, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ।

(छ) "**संस्थान**" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था समेत सम्झनु पर्छ।

(ज) "**स्थानीय तह**" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगर-पालिका, महानगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद - २

## प्रशिक्षण प्रतिष्ठानको स्थापना र उद्देश्य

३. **प्रतिष्ठानको स्थापनाः** प्रदेश र स्थानीय तहका सरकारी निकाय तथा संस्थानहरुमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारले प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरेको छ।

४. **प्रतिष्ठान संगठित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन वा अन्य कुनै किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानको आफ्नो कार्य सञ्चालन र व्यवस्थापन यो आदेश र यस आदेश अन्तर्गत बनेको विनियमद्वारा व्यवस्थित कार्य प्रणाली बमोजिम हुनेछ।

५. **प्रतिष्ठानको उद्देश्यः** प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी जनप्रतिनिधिहरुको लागि व्यवसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्न अन्तरक्रिया एवं विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।

(ख) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका कर्मचारीहरुको लागि सेवाकालीन, सेवा प्रवेश र व्यवसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने तालिमहरु प्रदान गर्ने।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि कार्यमुलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने र प्रशिक्षण कार्यक्रम सम्बन्धी अनुसन्धान गर्ने।

(घ) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने।

## परिच्छेद - ३

## प्रशिक्षण परिषद् र कार्यकारी समितिको गठन, काम, कर्तव्य र अधिकार

६. **प्रशिक्षण परिषद्को गठनः** (१) प्रतिष्ठानको प्रशिक्षण सम्बन्धी कार्यलाई प्रभावकारी संचालन एवं मार्गदर्शन गर्न देहाय बमोजिमका सदस्यहरु भएको प्रशिक्षण परिषद् रहनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) मुख्यमन्त्रीद्धारा मनोनित १ महिला सहित दुई जना स्थानीय तहका जनप्रतिनिधी - सदस्य

(छ) प्रदेश सरकारले मनोनित गरेका दुई जना विषय विज्ञ - सदस्य

(ज) प्रतिष्ठानको कार्यकारी निर्देशक - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमका सदस्यहरु मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर वा सो सरहको योग्यता हासिल गरेका र कानून, जनप्रशासन, विकास प्रशासन, व्यवस्थापन, इन्जिनियरिङ, राजस्व, विज्ञान तथा प्रविधि, कला तथा साहित्य वा सामाजशास्त्र क्षेत्रमा कम्तिमा १० वर्ष काम गरेका व्यक्तिहरु मध्येबाट प्रदेश सरकार, मन्त्रिपरिषद्ले तोक्नेछ । निजहरुको पदावधि चार वर्षको हुनेछ र निजहरुको पुनः नियुक्त हुन सक्नेछ। निजहरुले पाउने सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

७. <u>**परिषद्को बैठकः**</u> (१) परिषद्को बैठक वर्षमा कम्तिमा दुईपटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्का सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडी सदस्यहरूलाई दिनु पर्नेछ।

(५) बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(६) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **परिषद्को काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने।

(ख) प्रतिष्ठानको विनियम बनाउने।

(ग) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्यांकन गर्ने र बजेट स्वीकृत गर्ने।

(ङ) प्रतिष्ठानको पाठ्यक्रम स्वीकृत गर्ने।

(च) कार्यकारी समिति र कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने।

९. **कार्यकारी समिति गठनः** (१) प्रतिष्ठानको उद्देश्य अनुरुप प्रशिक्षण एवं अनुसन्धान कार्यलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमका सदस्यहरु भएको कार्यकारी समिति रहनेछः-

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक - अध्यक्ष

(ख) अधिकृत नवौं/दशौं, प्रशासन तथा बैठक शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को - सदस्य

कार्यालय

(ग) अधिकृत नवौं/दशौं, सामाजिक विकास मन्त्रालय - सदस्य

(२) समितिले आवश्यक देखेमा विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>**समितिको काम, कर्तव्य र अधिकारः**</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी जनप्रतिनिधिहरुको लागि व्यवसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्न अन्तरक्रिया एवं विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।

(ख) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका कर्मचारीहरुको लागि सेवाकालिन, सेवा प्रवेश र व्यवसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने खालका तालिमहरु सञ्चालन गर्ने।

(ग) प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा तथा वार्षिक कार्यक्रम र बजेट तयार गर्ने।

(घ) प्रतिष्ठानको पाठ्यक्रम तयार गर्ने।

(ङ) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरबन्दी निर्धारण गरी प्रदेश सरकार समक्ष पेश गर्ने।

(च) प्रशिक्षण कार्यक्रमहरुको मूल्यांकन गर्ने, गराउने।

(छ) प्रदेशको मानव संसाधन योजना तथा प्रक्षेपण गर्ने।

(ज) मानव संसाधन योजना तथा विकास तथा प्रशासकीय समस्याहरु तथा तिनका समधानका उपायहरुका सम्बन्धमा समय समयमा सभा, गोष्ठी, सेमिनार तथा सम्मेलनको आयोजना गर्ने।

(झ) अनुसन्धान, परामर्श सेवा एवं सूचना सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने।

(ञ) अन्य प्रदेश, संघीय र अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राखी प्रशिक्षण सम्बन्धी कार्यलाई स्तरोन्नति तथा विस्तृतीकरण गर्ने।

(ट) प्रशिक्षणको क्षेत्रमा प्रदेश सरकार, नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाहरुबीच सम्पर्क माध्यमको रुपमा काम गर्ने।

(ठ) प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यवहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने।

(२) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरबन्दी सृर्जना गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-४

## प्रतिष्ठानका कर्मचारीहरु एवं निजहरुको सेवा शर्त सम्बन्धी व्यवस्था

**११. प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानमा आवश्यकतानुसार देहाय बमोजिमका कर्मचारी रहनेछन्:-

(क) प्राध्यापन तथा अनुसन्धान

(ख) प्रशासकीय तथा प्राविधिक

(२) उपदफा (१) को खण्ड (क) बमोजिमका कर्मचारीहरु प्रतिष्ठानले प्रतिष्ठानको विनियम अनुसार सेवा करार मार्फत भर्ना गर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमका कर्मचारीहरु प्रदेश सरकारले खटाउनेछ।

(४) उपदफा (१) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीको पद र सङ्ख्या प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. कार्यकारी निर्देशकको नियुक्ति र सेवाको शर्त सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले प्रतिष्ठानको  कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(२) कार्यकारी निर्देशक प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ।

(३) कार्यकारी निर्देशकको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ र प्रदेश सरकारले चाहेमा निजको कार्यअवधि पुनः बढीमा दुई वर्षको लागि थप गर्न सक्नेछ।

(४) कार्यकारी निर्देशकले नियुक्ति भएको तीस दिन भित्र प्रदेश सरकारसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतामा निजको पदावधिमा सम्पन्न गर्नुपर्ने कार्यहरुको विवरण समेत उल्लेख हुनेछ।

(५) कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) प्रतिष्ठानको काम, कारबाही तथा कार्य प्रगतिका लागि कार्यकारी निर्देशक प्रदेश सरकारप्रति जवाफदेही हुनेछ।

(७) कार्यकारी निर्देशकको मासिक पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारको एघारौं तहको अधिकृतको बराबर हुनेछ। अन्य सेवा सुविधा प्रतिष्ठानको विनियम बमोजिम हुनेछ।

**१३. <u>कार्यकारी निर्देशकको योग्यता तथा पद रिक्त हुने अवस्था</u>:**(१)देहायको योग्यता पुगेको कुनै नेपाली नागरिकलाई प्रतिष्ठानको कार्यकारी निर्देशकमा नियुक्ति गर्न सकिनेछः-

(क) ४५ वर्ष उमेर पुरा भएको,

(ख) कम्तिमा १० वर्ष कानून, मानव संसाधन जनप्रशासन, विकास प्रशासन, व्यवस्थापन, इन्जिनियरिङ, राजस्व, विज्ञान तथा प्रविधि, कला तथा साहित्य वा सामाजशास्त्रको क्षेत्रमा निरन्तर अनुसन्धान वा काम गरेको।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामा नरहेको।

(२) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद स्वतः रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजको ६० बर्ष उमेर पुरा भएमा,

(घ) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ङ) उपदफा (१) बमोजिम पदमा नियुक्त हुने योग्यता नरहेमा,

(च) निजको मृत्यु भएमा।

१४. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद् र कार्यकारी समितिका निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने।

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तथा बजेट कार्यकारी समिति मार्फत प्रशिक्षण परिषद्मा स्वीकृतिको लागि पेश गर्ने।

(ग) प्रशिक्षण परिषद्बाट स्वीकृत प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने।

(घ) प्रतिष्ठानका प्रगति विवरणहरु समय समयमा प्रशिक्षण परिषद् र कार्यकारी समिति समक्ष प्रस्तुत गर्ने, गराउने।

(ङ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्यांकन गर्ने, गराउने।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग अनुबन्धित कार्यक्रम तथा अन्य सहयोग सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक छलफल गरी प्रशिक्षण परिषद् समक्ष स्वीकृतिका लागि पेश गर्ने, गराउने।

(छ) प्रतिष्ठानमा प्रशिक्षण सम्बन्धी कार्य गर्ने।

(ज) प्रतिष्ठान सम्बन्धी अन्य कार्यहरु गर्ने, गराउने।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ५

## कोष, हिसाब र लेखापरीक्षण

**१५. प्रतिष्ठानको कोषः** (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ र प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने अनुदान रकम।

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संस्थाहरु वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम।

(ग) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त हुने रकम।

(घ) परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रतिष्ठानले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(३) प्रतिष्ठानको कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजत प्राप्त कुनै वाणिज्य बैंकमा प्रतिष्ठानको नाममा खाता खोली जम्मा गरिनेछ।

(४) प्रतिष्ठानको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्रतिष्ठानलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।

(६) प्रतिष्ठानको कोषको खाता कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(७) प्रतिष्ठानको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. <u>लेखा र लेखापरीक्षणः</u> (१) प्रतिष्ठानको आय व्ययको लेखा महालेखा परीक्षकले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) प्रतिष्ठानले प्रदेश सरकारले अपनाए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्रतिष्ठानको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(४) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) प्रदेश सरकारले प्रतिष्ठानको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद-६

## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री एवं पाठ्यक्रम

१७. **प्रशिक्षण पद्धति निर्धारण गर्ने:** प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्न समय समयमा सर्वेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सर्वेक्षणको आधारमा प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिमको पाठ्यक्रम तथा कार्यक्रम प्रशिक्षण परिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

१८. **पाठ्यक्रम:** (१) प्रतिष्ठानले प्रशिक्षण कार्यक्रमलाई बढी फलदायी एवं प्रभावकारी बनाउन सैद्धान्तिक एवं व्यवहारिक दुबै पक्षमा जोड दिई समय सान्दर्भिक प्रशिक्षण पाठ्यक्रम तयार गर्नेछ।

(२) प्रतिष्ठानको पाठ्यक्रम प्रशिक्षण परिषद्ले स्वीकृत गर्नेछ।

१९. **प्रशिक्षण पद्धति:** प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधिहरु प्रशिक्षण कार्यक्रममा प्रयोग गरिनेछ।

२०. **प्रशिक्षण समाग्री:-** प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमहरुको लागि प्रदेश र स्थानीयतहको आर्थिक, सामाजिक, साँस्कृतिक, परिप्रेक्ष्यमा मेल खाने र

सैद्धान्तिक दृष्टिकोणबाट उपयोगी हुने प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ।

२१. **अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कनः** (१) प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका अन्य निकायबाट संचालित प्रशिक्षण कार्यक्रमहरुको समय समयमा मूल्यांकन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्यांकनको आधारमा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार संशोधन वा परिवर्तन गर्न कार्यकारी समिति मार्फत प्रदेश सरकारलाई सुझाव दिन सक्नेछ ।

## परिच्छेद-७

## विविध

२२. **बैठक भत्ता तथा अन्य सुविधाः** परिषद् र कार्यकारी समितिका सदस्यले प्रतिष्ठानको बैठकमा भाग लिए वापत प्रचलित मापदण्ड बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

२३. **प्रतिष्ठानको कार्यालयः** (१) नेपालगञ्जस्थित साविकको स्थानीय विकास प्रशिक्षण केन्द्रलाई प्रतिष्ठानको कार्यालयको रुपमा रुपान्तरण गरी दैनिक कार्यहरु सञ्चालन गरिनेछ।

२४. **अधिकार प्रत्यायोजनः** (१) परिषद् तथा समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले आफूमा अन्तर्निहित कुनै अधिकार प्रतिष्ठानका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२५. **<u>वार्षिक प्रतिवेदन पेश गर्ने:</u>** (१) प्रतिष्ठानले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानको वार्षिक नीति, योजना र प्रतिष्ठानबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धी तथा लागत र प्रतिष्ठानबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्रदेश सरकार मार्फत प्रतिष्ठानले सार्वजनिक गर्नु पर्नेछ।

२६. **<u>प्रदेश सरकारसँग सम्पर्क:</u>** (१) प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राखु पर्नेछ।

(२) प्रतिष्ठानले अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

२७. **<u>सपथ ग्रहण:</u>** प्रतिष्ठानको कार्यकारी निर्देशकले आफ्नो कार्यभार सम्हाल्नु अघि मुख्यमन्त्री वा निजले तोकेको प्रदेश सरकारको मन्त्री समक्ष अनुसूचीमा तोकिए बमोजिमको सपथ लिनुपर्नेछ।

२८. **<u>विनियम बनाउने अधिकार:</u>** यो आदेश कार्यान्वयन गर्न परिषद्ले आवश्यक विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

## अनुसूची

## (दफा २७ संग सम्बन्धित)

म------------ ईश्वरको नाममा/ सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु की प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदको कामकाज प्रचलित कानूनको अधिनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रहको भावना नराखी ईमान्दारिताका साथ गर्नेछु। आफ्नो पदिय हैसियतबाट प्राप्त कर्तव्यको पालना गर्ने सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा म पदमा वहाल रहँदा वा नरहँदा समेत प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि  प्रकट गर्ने छैन।

मितिः-

नामः-

दस्तखतः-

**आज्ञाले,**
**भरतमणि सुवेदी**
**प्रदेश सचिव**